म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ५६ २०८१ पुस २८ गते आइतबार 12 January 2025, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## शिक्षक संगठनको अध्यक्षमा पोखरेल

हेटौंडा : नेपाल राष्ट्रिय शिक्षक संगठन हेटौंडा उपमहानगर कमिटीको तेस्रो अधिवेशनबाट अध्यक्षमा कृष्णप्रसाद पोखरेल निर्वाचित हुनुभएको छ। शनिबार भएको अधिवेशनबाट पोखरेलको अध्यक्षतामा ३४ सदस्यीय नयाँ कमिटी सर्वसम्मत चयन भएको हो। शिक्षक संगठनको हेटौँडा उपमहानगर कमिटीको उपाध्यक्षमा सृजना रानाभाट र रत्न बहादुर स्याङ्तान, सचिवमा चिरन्जीवी घिमिरे, कोषाध्यक्षमा प्रेम बहादुर स्याङ्तान, सह-सचिवमा सृजना कुमारी शर्मा, सह-कोषाध्यक्षमा उमा लामा चयन हुनुभएको छ। संगठनको हेटौँडा उपमहानगर कमिटीका निवर्तमान अध्यक्ष गोपीरमण प्याकुरेलको सभाध्यक्षता तथा वागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो। कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहालको पनि आतिथ्य रहेको थियो।

# मउवासंघ अध्यक्षमा रानाभाट, महासचिवमा श्रेष्ठ विजयी

## उपाध्यक्षमा राजु, दीपक, उज्ज्वल, र काव्यमणि विजयी



प्रमोद सिंह रानाभाट | प्रतिमा श्रेष्ठ | राजु अधिकारी | दीपक उप्रेती | उज्वल चौलागाई | काव्यमणि अधिकारी

समाज संवाददाता

हेटौँडा : मकवानपुर उद्योग वाणिज्य संघको ५८औं साधारणसभाबाट नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनमा अध्यक्ष पदमा प्रमोद सिंह रानाभाट विजयी हुनुभएको छ। आइतबार बिहान सम्पन्न मतगणनाअनुसार एक हजार १४ मतसहित प्रमोद सिंह रानाभाट अध्यक्ष निर्वाचित हुनुभएको हो। अध्यक्षका आकांक्षी अनिल अग्रवाल सात सय ६५ मतसहित पराजित हुनुभएको छ।

शनिबार भएको मतदानमा दुई हजार ४६ जना मतदाता व्यवसायी मध्ये एक हजार आठ सय १६ मत खसेको थियो। महासचिवमा रानाभाट प्यानलबाटै प्रतिमा श्रेष्ठ (१०१२ मत), कोषाध्यक्षमा अग्रवाल प्यानलबाट तेजराज अधिकारी (९१७ मत), सहकोषाध्यक्षमा रानाभाट प्यानलबाट निलम वैद्य (९१९ मत) विजयी भएका छन्। महासचिवमा अग्रवाल प्यानलबाट विकेशलाल श्रेष्ठ (७१३ मत), कोषाध्यक्षमा रानाभाट प्यानलबाट श्रीकृष्ण कर्माचार्य (८०१ मत), अग्रवाल प्यानलबाट सहकोषाध्यक्षमा राधिका सामरी (७८६ मत) पराजित भएका छन्।

यता उपाध्यक्षमा वाणिज्यतर्फ राजु अधिकारी, उद्योगतर्फ दीपक उप्रेती, एसोसिएटतर्फ उज्ज्वल चौलागाई र वस्तुगततर्फ काव्यमणि अधिकारी निर्वाचित हुनुभएको छ। राजु र काव्यमणि अनिल अग्रवाल प्यानलबाट हुनुहुन्छ भने दीपक र उज्ज्वल रानाभाट प्यानलबाट हुनुहुन्छ।

वाणिज्यतर्फ उपाध्यक्षमा ५९९ मतसहित राजु अधिकारी विजयी हुँदा उपाध्यक्षका अर्का आकांक्षी रामप्रसाद न्यौपाने ४८४ मतसहित पराजित हुनुभयो। वाणिज्य सचिवमा कुलप्रसाद चौलागाई ६८४ मतसहित विजयी हुँदा दिवस पराजुली ४११ मतसहित पराजित हुनुभएको छ। यस्तै वाणिज्यतर्फ सदस्यमा बालकृष्ण बजगाई (६४६ मत), सन्तोष घिमिरे (६१६ मत), विष्णुप्रसाद दाहाल (५६० मत), राजेन्द्र लामिछाने (५५० मत) विजयी हुनुभएको छ। वाणिज्य सचिवमा विजयी कुलप्रसाद, सदस्यमा विजयी सन्तोष र राजेन्द्र रानाभाट प्यानलका हुनुहुन्छ भने सदस्यमा निर्वाचित बालकृष्ण र विष्णुप्रसाद अग्रवाल प्यालनका हुनुहुन्छ। वाणिज्यतर्फ एक हजार एक सय ५४ मत खसेको थियो।

यस्तै उद्योगतर्फ उपाध्यक्षमा दीपक उप्रेती २७२ मतसहित विजयी हुँदा रविन्द्र प्रसाद घिमिरे २४० मतसहित पराजित हुनुभयो। उद्योग सदस्यमा भुपेन्द्रप्रसाद अधिकारी (३०७ मत), कृष्णगोपाल महर्जन (२८८ मत) र जगदिश दहाल (२७३ मत) विजयी हुनुभएको छ। यस्तै उद्योगतर्फ महिला सदस्यमा सीतादेवी भेटवाल २९५ मतसहित विजयी हुनुभएको छ। उद्योगतर्फ उपाध्यक्ष दीपक, सदस्य भुपेन्द्र, जगदिश र सीतादेवी रानाभाट प्यानलबाट विजयी हुनुभएको हो भने कृष्णगोपाल अग्रवाल प्यानलबाट विजयी हुनुभएको हो। उद्योगतर्फ ५५५ मत खसेको थियो।

संघको एसोसिएट उपाध्यक्षमा उज्ज्वल चौलागाई निर्वाचित हुनुभएको छ। शनिबार राती सम्पन्न मतगणनाको नतीजाअनुसार ४८ मतसहित चौलागाई उपाध्यक्षमा निर्वाचित हुनुभएको हो। एसोसिएटतर्फको उपाध्यक्षका आकांक्षी विष्णु खनाल ३३ मतसहित पराजित हुनुभयो। एसोसिएटतर्फको सदस्यमा नवराज खतिवडा ६४ मत र अंकिता सुमार्गी ५४ मतसहित विजयी हुँदा ३८ मत प्राप्त गरी पुजन विडारी पराजित हुनुभयो। एसोसिएटतर्फ ८१ मत खसेको थियो। एसोसिएटमा निर्वाचित उपाध्यक्ष र सदस्य सबै प्रमोद सिंह रानाभाट प्यानलका उम्मेदवार हुन्।

वस्तुगततर्फ उपाध्यक्षमा काव्यमणि अधिकारी निर्वाचित हुनुभएको छ। शनिबार राती सार्वजनिक भएको मत परिणामअनुसार १५ मतसहित काव्यमणि अधिकारी वस्तुगतर्फ उपाध्यक्ष निर्वाचित हुनुभएको हो। अर्का आकांक्षी प्रदीप अर्याल ११ मतसहित पराजित हुनुभयो। वस्तुगततर्फ २६ मत खसेको थियो।

वस्तुगत सचिवमा नेत्रप्रसाद खतिवडा र राजाराम कार्कीबीच १३-१३ मतसहित बराबरी भएको छ। यस्तै वस्तुगततर्फ सदस्यमा शम्भु पुडासैनी १२ मतसहित विजयी हुँदा ११ मतसहित कृष्ण अर्याल र ३ मतसहित गोविन्द चौलागाई पराजित हुनुभएको छ। वस्तुगततर्फ उपाध्यक्ष निर्वाचित काव्यमणि र सदस्य शम्भु अनिल अग्रवाल प्यानलका हुनुहुन्छ।

# हेटौंडामा एक दर्जन चार्जिङ स्टेशन

समाज संवाददाता

हेटौंडाः हेटौंडामा एक दर्जनभन्दा बढी विद्युतीय सवारी साधनको चार्जिङ स्टेशन स्थापना भएको छ। नेपाल विद्युत् प्राधिकरण हेटौंडा वितरण केन्द्रले हेटौंडामा १३ वटा इलेक्ट्रिक गाडीको चार्जिङ स्टेशन जडान भएको जनाएको हो।



हेटौंडामा दुर्गम चार्जिङ स्टेशन, ओसिस इभी चार्जिङ स्टेशन, इभी कार्स एण्ड मोटर्स चार्जिङ स्टेशन, ग्रिन अटो मोबाइल प्रालि, भरोसा सार्थी प्रालि, बिजुली स्टेशन, अब्दुल इभी चार्जिङ स्टेशन, पशुपतिनाथ इभी चार्जिङ स्टेशन, चुरियामाई चार्जिङ स्टेशन, इभी कार्स एण्ड मोबाइल हव प्रालि, पाथिभरा आमा चार्जिङ स्टेशन, एनईए एभीसीआइडीपी लगायतका स्टेशन जडान गरिएको विद्युत् प्राधिकरण वितरण केन्द्र हेटौंडाका कार्यालय प्रमुख शिवराम यादवले जानकारी दिनुभएको छ। विद्युत् प्राधिकरणको वितरण केन्द्र हेटौंडाले चार्जिङ स्टेशन जडानका लागि प्रस्ताव आउनेवित्तिकै जडान कार्यलाई अगाडि बढाउने गरेको कार्यालय प्रमुख यादवले बताउनुभयो।

चार्जिङ स्टेशन जडानको कुनै पनि काम पेन्डिङमा नरहेको उहाँले बताउनुभयो। उहाँले स्टेशन जडानका लागि प्रक्रियाबद्धरुपमा कामहरु चलिरहेको बताउनुभएको छ। चार्जिङ स्टेशन जडानका लागि दुई लेनको सडक आवश्यक पर्ने उहाँले बताउनुभयो। इभीको चार्जिङ स्टेशन जडान गर्न २ वटा भ्यान आवतजावत हुनसक्ने बाटोको आवश्यक पर्नेछ। कार्यालयले चार्जिङ स्टेशन जडानका लागि बाटोको संरचना राम्रो भएको खण्डमा वितरण केन्द्रमार्फत् आवश्यक सेवा सुविधा प्रदान गर्दै आएको उहाँले बताउनुभयो।

वितरण केन्द्रले चार्जिङ स्टेशनका लागि अन्य मापदण्ड लागू नगरेको उहाँले बताउनुभयो। प्राधिकरणको लगानी भएपछि सेवा लिन पाउनेगरी स्टेशन सञ्चालन गर्ने गरेको उहाँले बताउनुभयो। एउटा स्टेशन जडानका लागि २ सय केभी मेगावाट सम्मको विद्युत् आवश्यक पर्ने उहाँले बताउनुभयो।

हेटौंडामा १३ वटा इभी चार्जिङ स्टेशन जडान गरिएकोमा कार्यालयले राम्रोसँग सेवा दिँदै आइरहेको उहाँले बताउनुभयो। उहाँले अहिलेसम्म प्राधिकरणमार्फत् चार्जिङ स्टेशन जडानको क्रममा कुनै प्रकारका विपरित काम नगरेको उहाँले दावी गर्नुभएको छ। नेपालमा इलेक्ट्रिक गाडीको प्रयोग बढेसँगै चार्जिङ स्टेशनको पनि माग बढेका कारण आफूहरुले चाहिने सेवा प्रदान गरेको उहाँको भनाइ छ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-९ मा ११ हजार भोल्टको बिजुली जडान गर्नका लागि व्यवस्थित ठाउँ नभएका कारण चार्जिङ स्टेशन जडान नगरिएको उहाँले बताउनुभयो। हेटौंडाको वितरण केन्द्रले हेटौंडा-९, पशुपतिनगरको त्यो स्थानमा जग्गाको कमी भएका कारणले जडान गर्न नसेकेको बताउनुहुँदै कार्यालय प्रमुख यादवले भन्नुभयो- 'हामीले उहाँलाई चार्जिङ स्टेशन जडानका लागि ठाउँको कमी भएको कारण ठाउँ खोज्नका लागि अनुरोध गरेका छौं। चार्जिङ स्टेशन स्थापना गर्नका लागि कम्तिमा ११ हजार भोल्ट विद्युत् आवश्यक पर्छ। तर शान्तिनगरको त्यो ठाउँमा ४ हजार भोल्टको बिजुली जडान गर्नसक्ने क्षमता रहेकाले हामीले त्यहाँ जडान नगरेका हौं।'

विद्युत् प्राधिकरणले त्यस ठाउँमा चार्जिङ स्टेशन जडानका लागि पहल गरिरहेको उहाँले बताउनुभयो। जडानका लागि स्थानीय बासिन्दाहरुको असहमतिका कारणले पनि केही समस्या देखिएको उहाँले बताउनुभयो। माग गरेलगत्तै त्यही अनुसारको सेवा प्रदान गर्ने गरेको उहाँले बताउनुभयो। प्राधिकरणले चार्जिङ स्टेशन स्थापनका लागि विद्युत् जडानमात्र गर्ने गरेको उहाँले बताउनुभयो। विद्युत् जडान गरेपछि चार्जिङ स्टेशन सञ्चालकले आवश्यक सामानहरु चीनबाट ल्याउने गरेको उहाँले बताउनुभयो।

प्राधिकरणका कार्यालय प्रमुख यादवका अनुसार चार्जिङ स्टेशन धेरै स्थापना भएका कारण अन्य ठाउँमा जडान अनुमति नदिन आफूमाथि दबाब दिने काम भएको धारणा राख्नुभएको छ। उहाँले स्टेशन बनाउनका निम्ति ट्रान्सफर्मर नदिने गरेको भन्दै आरोप लगाएको बताउनुभयो। पशुपतिनगरको चार्जिङ स्टेशन सञ्चालकले १० लाख रुपैयाँ घुस मागेको भन्ने कुरा झुठो रहेको उहाँले बताउनुभयो।

विद्युत् प्राधिकरणले चार्जिङ स्टेशनका लागि आवश्यक ट्रान्सफर्मर निःशुल्करुपमा दिने नीति अवलम्बन गरेकोमा कार्यालय प्रमुख यादवले १० लाख रुपैयाँ नदिई चार्जिङ स्टेशनका लागि आवश्यक ट्रान्सफर्मर नदिने भन्ने कुरा गलत रहेको बताउनुभयो। मनहरी र राप्तीमा ४ वटा स्टेशन रहेकोमा उक्त ठाउँका सञ्चालकहरुले पनि कार्यालय प्रमुखले घुस लिने गरेको आरोप लगाएको बताइएको छ।

कति क्षमताको चार्जिङ स्टेशन स्थापना गर्ने योजना छ, त्यही अनुसारको जग्गा आवश्यक पर्ने उहाँले बताउनुभयो। चार्जिङ स्टेशन सञ्चालकले २ महिनाको अवधिमा बिजुलीको पैसा भुक्तानी नगरेमा लाइन काट्ने गरेको उहाँले बताउनुभयो। चार्जिङ स्टेशनहरुले मंसिर महिनामा २२ लाख ४५ हजार ८ सय रुपैयाँको विद्युत् खपत गरेको उहाँले जानकारी दिनुभयो। सोमध्ये १७ लाख ६ हजार ६ सय रुपैयाँ असुल भएको उहाँको भनाइ छ।

मकवानपुरमा हेटौंडा उपमहानगर पालिका, मनहरी गाउँपालिका, राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिकाको आधा ठाउँमा, भीमफेदी गाउँपालिकाको ६० प्रतिशत ठाउँमा, मकवानपुरगढी गाउँपालिकाको सबै, बकैया गाउँपालिकाको १२ वडामा र बागमती गाउँपालिकाको सबै ठाउँमा हेटौंडा वितरण केन्द्रको कार्यक्षेत्र रहेको बताउनुभयो। चालु आर्थिक वर्षसम्म बकैया, बागमती र राक्सिराङको सबै ठाउँमा विद्युत् वितरण लाइन पुग्ने उहाँले बताउनुभयो।

## मनहरीमा स्कार्पियो र कार ठोक्किएर दुर्घटना

# दुईजनाको मृत्यु, १३ जना घाइते



समाज संवाददाता

हेटौँडा : पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरीमा शनिबार दिउँसो १ बजे भएको दुर्घटनामा २ जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन्। दुर्घटनामा परी हेटौँडा-४ का सुरेन्द्रलाल श्रेष्ठ र चितवनको राप्ती नगरपालिका-२ की सुनिता श्रेष्ठको मृत्यु भएको हो।

दुर्घटनामा परी सुरेन्द्रलालको चितवनस्थित भरतपुर अस्पतालमा उपचारको क्रममा दिउँसो ३ बजेको समयमा मृत्यु भएको हो भने सुनिताको चितवन मेडिकल कलेजमा उपचारको क्रममा साँझ ५ बजेर ४४ मिनेटमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो।

शनिबार दिउँसो १ बजेको समयमा मनहरी गाउँपालिका-६, डिपार्टमा स्कर्पियो र कार आपसमा ठोक्किँदा भएको दुर्घटनामा १५ जना घाइते भएका थिए। प्रहरी नायव उपरीक्षक अर्यालका अनुसार वीरगन्जबाट चितवनतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-०२६ च ५२५० नम्बरको स्कार्पियो र चितवनबाट हेटौँडातर्फ आउँदै गरेको बा १६ च ८३२४ नम्बरको कार एक आपसमा ठोक्किएर दुर्घटना भएको थियो।

दुर्घटनामा घाइते भएकाको चितवनस्थित विभिन्न अस्पतालहरुमा उपचार भइरहेको प्रहरीले जनाएको छ। स्कार्पियो चालकको भने पर्सा जिल्लाको बीरगन्जस्थित स्पर्स अस्पतालमा उपचाररत रहेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ। रौतहट जिल्लाको देवही गोनाही नगरपालिका-३ का २७ वर्षीय किशन प्रसाद साह गम्भीर अवस्थामा उपचाररत अवस्थामा पाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। घाँटी र छातीमा भित्रि चोट लागेर गम्भीर घाइते साहको आइसीयुमा उपचार भइरहेको छ। चिकित्सकको भनाइ अनुसार साहको अवस्था गम्भीर रहेको छ।

## हेटौँडा-१३ मा बाघले बाखा खायो



समाज संवाददाता

हेटौँडा : हेटौंडामा बाघको आक्रमणबाट एउटा बाखा मरेको छ। शुक्रबार हेटौंडा-१३, आलदमारका पूर्ण सिंह लोप्चनको कच्ची गोठमा रहेको बाखालाई बाघले आक्रमण गरेको हो। बाघले खोरबाट तानेर आधा खाएको र आधा बाँकी भाग बाँधेको डोरीमा नै छाडेको अवस्थामा बाखा भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। प्रहरीका अनुसार पर्सा राष्ट्रिय निकुञ्जका अधिकारीसँग समन्वय गरी बाघको खोजी कार्य गर्न जानकारी गराइसकेको छ। स्थानीयका अनुसार हेटौँडा-१२, १३ मा जोडी बाघ नै देखिएको छ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# सम्पादकीय

## गाँजा खेती बैधताको कुरा

नेपालमा कुरा धेरै तर काम कम हुने गर्दछ । अझ यस्ता कुराहरु राजनीतिक नेतृत्वले बढी गर्दछन् । विश्वका राम्रा अभ्यास र उदाहरणलाई आधार मानेर नेपालमा पनि त्यस्तै गर्ने वा गर्नुपर्ने भाषणबाजी सामान्य बनिरहेको छ । सरकारमा रहेका र सरकार बाहिर रहेका सबै नेताले गरेका कुरामध्ये आधामात्र पनि कार्यान्वयन हुने हो भने नेपालले उहिल्यै विकासको फड्को मारिसकेको हुन्थ्यो होला । नेपाललाई स्विट्जरल्याण्ड र सिंगापुर जस्तै बनाउने कुरादेखि पूर्वपश्चिम विद्युतीय रेल चलाउने, नेपालको झण्डावाला पानी जहाज चलाउने, घरघरमा ग्यासको पाइपलाइन जडान गर्ने, दशौं हजार मेगावाट विद्युत् उत्पादन गर्नेजस्ता कुरा भाषणमै सिमित बन्नुले कामभन्दा बढी कुरा हुने गरेको बुझ्न सकिन्छ । अन्य देशले गरेको देखेर हामीकहाँ पनि त्यस्तै हुनुपर्छ भनेर भाषण गर्नेले आफू काम गर्ने ठाउँमै हुँदा किन कार्यान्वयनमा अग्रसर हुँदैनन् भन्ने कुरा रहस्यमय बनिरहेको छ ।

पछिल्लो समय नेपालमा गाँजा खेतीलाई बैधानिकता दिनुपर्ने विषयमा पनि धेरै कुराहरु भइरहेका छन् । नेपालमा गाँजाको खेती, उत्पादन, ओसारपसार, बिक्री र सेवन कानुनीरुपमा दण्डनिय छ । गाँजालाई लागूऔषधको रुपमा मानिएका कारण अवैधानिकरुपमा गरिएको गाँजा खेती प्रहरीले काटेर नष्टसमेत गर्दै आएको छ । मकवानपुर जिल्लामा हरेक दिनजस्तो प्रहरीले गाँजा ओसारपसारमा संलग्न भएका व्यक्तिलाई पक्राउ गरेर कानुनी कारबाहीसमेत गरिरहेको छ । लागूऔषध गाँजा ओसारेकै कारण मुद्दा खेपिरहेका र कैद भुक्तानी गरिरहेका हजारौंको संख्यामा छन् । यस्तो अवस्थामा राज्यका जिम्मेवार व्यक्तिहरुबाटै गाँजा खेतीलाई बैधानिकता दिनुपर्ने भनाइ सार्वजनिक भइरहेका छन् । बिहीबारमात्र बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले गाँजा खेतीलाई बैध गर्नुपर्ने बताएका छन् । गाँजा खेतीका लागि कुख्यात बनिरहेको मकवानपुरको राक्सिराङ गाउँपालिकामै पुगेर मुख्यमन्त्री लामाले गाँजा खेतीले बैधता पाउनुपर्ने बताएका हुन् ।

कुनै बेला राज्यसँग अनुमति लिएर गाँजा खेती गर्न पाइने व्यवस्था रहेको नेपालमा फेरि वैधानिक गाँजा खेतीको बहस सुरु भएको हो । करिब ५ वर्षअघि (२०७६ साल फागुन १९ गते) संघीय संसदको प्रतिनिधिसभामा केही सांसदहरुले गाँजा खेती नियमन र व्यवस्थापन गर्नका लागि विधेयक नै दर्ता गरेपछि यसबारे चर्चा र बहस भइरहेको छ । प्रतिनिधिसभामा निजी विधेयकको रुपमा गाँजा खेतीलाई बैधानिकता दिने विषयमा विधेयक दर्ता भएपछि बागमती प्रदेशसभामा पनि सोही प्रकृतिको विधेयक दर्ता गरिएको थियो । औषधीय प्रयोजनका लागि कानुनीरुपमा नियमन र नियन्त्रणसहित गाँजाको खेती, उत्पादन र बिक्री अनुमति दिनु आवश्यक भएकाले विधेयक दर्ता गरिएको हो । संघीय सरकारले कानुन निर्माण गरेर गाँजा खेती गर्ने वातावरण तयार गर्नुपर्ने बताएका बागमती प्रदेशका मुख्यमन्त्रीले प्रदेशसभामै पेश गरिएको गाँजा खेतीसम्बन्धी विधेयक के भइरहेको छ भन्ने चासो राख्नुपर्थ्यो । गाँजा खेतीलाई बैधता दिनुपर्ने र दिन सकिने हो भने त्यसको सुरुवात बागमती प्रदेशबाटै गर्न मुख्यमन्त्रीले जोड बल गर्नु उचित हुनेछ ।

गाँजालाई विभिन्न रोगको औषधिको रुपमा प्रयोग गर्न सकिने र गाँजाको खेती नेपालको हावापानी अनुकूल भएकाले यसको खेती र उपयोगलाई उचित नियमनसहित व्यवस्थित गर्न सकेमा अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुग्न सक्ने सम्भावना देखिन्छ । विश्वका कतिपय देशले गाँजा खेतीलाई बैधानिकता दिएर औषधि तथा अन्य वस्तु उत्पादनमा यसलाई उपयोग गरिरहेको सुनिन्छ । गाँजाको बोटबाट गाँजा, चरेसका साथै कपडासमेत बनाउन सकिन्छ । निश्चित क्षेत्रमा सरकारबाट अनुमति लिएर गाँजाको विरुवा लगाउन दिने, त्यसको प्रशोधनसमेत त्यहीं गरेर औषधि वा अन्य उत्पादन गर्ने गरी प्रभावकारी नियमन हुने हो भने यसलाई बैधानिकता दिंदा समस्या नहोला । लागूऔषधबाहेक अन्य वस्तु उत्पादनमा खेती गरिएको गाँजाको विरुवाको उपयोग हुने सुनिश्चितता संघ, प्रदेश वा स्थानीय सरकारले गर्न सक्ने हो भने गाँजा खेतीलाई बैधता दिन सरकार तयार हुनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : कार्यक्षेत्रमा खुशी र आनन्दको वातावरण बढ्ला ।
**वृष** : इष्टमित्र दाजुभाइसँगबाट सहयोग प्राप्त होला ।
**मिथुन** : आत्मविश्वासमा वृद्धि हुने समय योग छ ।
**कर्कट** : नयाँ योजना कार्यान्वयन हुने समय योग छ ।
**सिंह** : दुःखको समाचारले मन विचलित होला ।
**कन्या** : शेयर कारोबारमा लगानी बढ्ने समय छ ।
**तुला** : प्रतिस्पर्धीसँग विजय प्राप्त हुने समय छ ।
**वृश्चिक** : आफन्त र साथीभाइले सहयोग गर्ने समय छ ।
**धनु** : दुराशा र महत्वकांक्षा बढ्ने समय योग छ ।
**मकर** : साँझेदारी र सहकार्यका कामका लागि सुन्दर समय छ ।
**कुम्भ** : आत्मबल र निर्णायक क्षमताको वृद्धि हुने समय छ ।
**मीन** : कला र गलाको प्रभाव बढ्ने समय योग छ ।

# राष्ट्रनिर्माता प्रति सम्मान व्यक्त गरौं...



बिशभ अधिकारी

पौष २७ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस भव्यरुपले प्रत्येक वर्ष मनाईन्छ । अठारौं शताव्दीको मध्यतिर गोरखाका राजा पृथ्वीनारायण शाहले स-साना छरिएर रहेका बाईसे चौबिसे राज्यलाई एकीकृत गरि सिङ्गो नेपाल निर्माण गरेका थिए । पृथ्वीनारायण शाहले नुवाकोट युद्धमा विजय प्राप्त गरेपछि उनी काठमाडौं उपत्यकातर्फ लागेका थिए, जहाँ तीन मल्ल राज्यहरू भक्तपुर, पाटन र कान्तिपुरमा शासन गरिरहेका थिए । पृथ्वीनारायण शाहले कीर्तिपुर सहरलाई लिएर पाटन राज्यसँग युद्धमा होमिएका थिए र वि.सं. १८२३ मा यो सहर गोरखालीको हातमा परेको थियो । यसले कान्तिपुरलाई खतरा उत्पन्न गरेको थियो ।

कान्तिपुरका राजा जयप्रकाश मल्लले गोरखाको तीव्र विस्तार रोक्न ईस्ट ईन्डिया कम्पनिसँग सहयोगको अनुरोध गरेका थिए । ईस्ट ईन्डिया कम्पनीले उक्त अनुरोध स्वीकार गर्दै क्याप्टेन किनलोकलाई पठाएको थियो । जसले वि.सं. १८२३ मा सिन्धुलीको युद्धमा पृथ्वीनारायण शाहका सेनासँग सामना गरेको थियो । यो युद्ध कम्पनिका लागि विनाशकारी सावित भएको थियो, किनलोकसहित उनका सैनिकहरू भागेका थिए । यसपछि शाहले उपत्यका विजय गर्न सफल भए । १८२५ असोज १३ मा पृथ्वीनारायण शाहले आफूलाई नेपालको राजाको रूपमा घोषणा गरे ।

पृथ्वीनारायण शाह राजा भएपछिका यिनका दिव्य उपदेश आज पनि सान्दर्भिक छ । नेपालको भू-अवस्थितिको आत्मबोध गरेका पृथ्वीनारायण शाहले राष्ट्रलाई सुदृढ र समृद्ध बनाउन तथा मुलुकको अविच्छिन्न एकतालाई बलियो बनाइराख्न प्रजा मोटा भए दरबार बलियो हुन्छ भन्थे । दुई ठुला राष्ट्रको बीचमा अवस्थित नेपालको परराष्ट्र नीति दुई ढुंगा बीचको तरुल जस्तो छ भन्नु हुन्थ्यो । उनका दिव्यउपदेशले राष्ट्रिय आत्मनिर्भरता हासिल गर्नका लागि आवश्यक सीप र क्षमता विकास गर्नुपर्ने खाँचोलाई दर्शाएका छन् । पृथ्वीनारायण शाहले सुरू गरेको एकीकरण अभियानले नेपाल राज्यको सिमाना पूर्वमा टिष्टा नदी, दक्षिणमा मगध र पश्चिममा सतलज नदीसम्म विस्तार भयो । नेपाल अंग्रेज युद्धपछि सुगौली सन्धिसम्म यो भूभाग नेपालको अधिनमा थियो ।

यो नेपाल र नेपालीको गर्विलो ईतिहास हो । आज तमाम नेपालीलाई र नेपाल र नेपाली हुनुको जुन गौरव प्राप्त भएको छ त्यो पृथ्वीनारायण शाहको देन हो । पौष २७ गते पृथ्वी जयन्ती तथा एकता दिवसमा एकथरि मानसिक रोगीहरू पृथ्वीनारायणको फोटोमा थुक्ने गर्छन् । ईतिहास बंग्याउँछन्, शालिक तोडफोड गर्छन् अनि नेपाल एकीकरणलाई तानाशाही कदम भन्छन् । यस्ता मानिसको विवेक देख्दा दया जागेर आउँछ । आधुनिक नेपालको जग बसाल्ने राष्ट्रनिर्मातालाई सम्मान, आदर व्यक्त गर्न नसक्नु ईतिहास प्रतिको बेइमानी हो ।

नेपालको इतिहासमा उनले राजाको मात्रै भूमिका निर्वाह गरेनन् एउटा सिंगो राष्ट्र 'नेपाल' को निर्माण गरेका हुन् । विभिन्न देशमा राष्ट्र निर्माताका रुपमा फ्रान्सका नेपोलियन बोनापार्ट, इटालीका जोसेफ गरिबाल्डी, अमेरिकाका जर्ज वासिङ्टन, जर्मनीका विस्मार्क जस्तै नेपालमा पृथ्वीनारायण शाहको योगदान हो । उनले राष्ट्रको निर्माण मात्रै गरेनन् साम्राज्यवादका विरुद्ध लड्न सक्ने तागत नेपालसँग पनि छ भन्ने सन्देश त्यो बेलामा ब्रिटिसहरुलाई दिए । उनी आफैले पनि पहिले सैयौं वर्षदेखि रहेका काठमाडौंका संस्कृति, शिक्षा, देवस्थल, मठमन्दिर, कलाकौशल, पाटीपौवा आदिलाई शाहले कहिल्यै भत्काउनु भएन, दमन वा संहार गरेनन् बरु संरक्षणमा पूरापूर ध्यान दिएको पाइन्छ ।

अफगानिस्तानमा तालिवानीहरुले विश्वकै पुरातात्विक महत्वका बुद्ध मूर्तिहरुलाई बमले उडाइदिएका थिए । पृथ्वीनारायण शाहले आफैले कहिल्यै परम्परादेखि चल्दै आएको कला, संस्कृति वा सभ्यतालाई कहिले भत्काएनन् बरु संरक्षण गर्दै यहासम्म ल्याई पुऱ्याए । आज उनैको सालिक भत्काउनु लज्जाको विषय हो । राजनीतिक/सैद्धान्तिक रुपमा राजा शासनको विषयमा विमति हुन सक्छ तर राष्ट्रनिर्माताको विषयमा कसरी विमति हुनसक्छ ? के त्यो बेला नेपालमा मात्र काटमार भएको हो ? इतिहासको विश्लेषण समय, भुगोल, देश, काल र परिस्थिति अनुसार गर्नुपर्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको थालनी गर्दा मार्क्सवादको त कुरै छोडिदिउ युरोपमा भर्खरै पुँजिवादी विचार मौलाउन थालेको थियो ।

फ्रान्समा लुईहरू सम्राटका रूपमा थिए । शक्तिशाली अमेरिका, इङ्गल्याण्ड सम्राटको उपनिवेश थियो । एसियाली, अफ्रिकी, अमेरिकी महाद्विपमा युरोपका शक्तिशाली देशहरु साम्राज्यको विस्तार गर्दै लडाइँबाट जनतामा काटमार मचाएर आफु अधिनस्थ बनाइरहेको परिस्थितिमा के पृथ्वीनारायण शाहको एकीकरण बिना बल प्रयोग सम्भव थियो ? संसारका देशहरुको निर्माण अधिकांश रुपमा लडाइँहरुकै माध्यमबाट भएको छ । द्वन्द्व नभएको ठाउँ र युद्ध नलडेको देश कहाँ छ ? चीन, भारत, रुस, र अमेरिका मात्र होइन जर्मनी, ईटली, स्पेन र इंग्ल्याण्ड युद्धकै क्रममा एकीकृत राष्ट्र भएका थिए । अनि यो काटमार, हत्या र हिंसाबाट राज्य विस्तार भएको अवस्थामा नेपाल मात्रै कसरी अपवाद बन्न सक्छ ? त्यसैले ईतिहासको समीक्षा गर्दा तत्कालिन परिस्थिति अनुरुप गर्दा उचित हुन्छ । पृथ्वीनारायणको शालिक भत्काउनेहरुले ईतिहासको परिवेश बुझ्न जरुरी छ ।

आम्बेडकरले भनेका छन्, 'ईतिहास बिर्सिनेले कहिले ईतिहास रच्दैन ।' त्यसैले राष्ट्रनिर्माताप्रति सम्मान गरौं । किनकि जब नेपाल भन्ने सार्वभौम, स्वतन्त्र, अखण्ड देशको कुरा आउँछ, देशको स्वाभिमान र पहिचानको कुरा आउँछ । त्यो बेलामा वडा महाराजाधिराज पृथ्वीनारायण शाहकै नाम अग्रपङ्क्तिमा आउँछ । सिङ्गो नेपालको एकीकरण, राष्ट्रिय एकता र आज हामी नेपाली हुनुको गौरवमा वहाको योगदान अतुलनीय छ । हार्दिक श्रद्धासुमन ॥ राष्ट्रिय एकता दिवसको शुभकामना ॥

# हेटौंडा नगरका पहिलो जनपक्षीय प्रधानपञ्च वासुदेव रिजाल



देवप्रसाद श्रेष्ठ

राजा मुकुन्द सेनले राज्य संचालन गरेको गढीको फेदीमा विशाल फाँट हटिया-हर्नामाडी नेपाल राज्यको अन्न भण्डार मध्ये एक थियो । मकवानपुरको धान चामल र अन्नले प्रसिद्धी कमाएको थियो । तत्कालिन समयमा अधिकांश मानिस गढीमै बस्दथे । दिनभरी खेतीपातीको काम सकेपछि साँझ औलोको डरले बास बस्न माथिनै उक्लन्थे । वासुदेव रिजालको यहीँ जन्म भएको थियो । प्रजातन्त्र आउनु अगाडिसम्म मकवानपुर लाई चिसापानी इलाका भनिन्थ्यो । २०१७ सालपछि यो ईलाकालाई मकवानपुर जिल्ला भनियो । २०११ सालपछि युएसएडको सहयोगमा औलो विरुद्धको खोप कार्यक्रम पछि बेंसीतिर पनि बस्ती बढ्दै गयो । खाद्यान्नको श्रोत भएको र हेटौंडा लगायत चितवनका जंगलबाट काठ यहिँबाट उपत्यका जाने भएकोले मालपोत र वन डिभिजन कार्यालयहरु मकवानपुरमै थिए । पछि यी कार्यालयहरु हेटौंडा सरेको हो । जिल्लामा खुलेको पहिलो भाषा पाठ्शाला पनि मकवानपुर मै थियो ।

२०१५ सालको आम निर्वाचनपछि राजनीतिक रुपले पनि मकवानपुर सक्रिय थियो । पुरानो सदरमुकाम भिमफेदीपछि यस ठाँउमा राजनीतिक दल र कार्यकर्ताहरु सक्रिय थिए । सम्पादक तथा साहित्यकार मदनमणि दीक्षित, साहित्यकार तथा राजनीतिज्ञ श्यामप्रसाद शर्माहरु लगायत प्रगतिशील तथा जनपक्षीय व्यक्तिहरुले यसै स्थानमा रुढीवादी र सामन्त विरोधी अभियान चलाएका थिए । ब्राह्मणहरुले हलो जोत्न हुँदैन भन्ने परम्परालाई तोड्दै हलो आन्दोलन पनि चलाएका थिए । बामपन्थी दिगंवत नेताहरू भक्तबहादुर, गोबिन्द ढुंगाना, भुवन सिंह राई, राधेश्याम खतिवडा, बद्रीप्रसादहरु यहीँ दीक्षित भएका थिए । राजनीतिक चेत र प्रगतिशील समाजको प्रभावमा हुर्केका बासुदेव रिजाललाई किशोरावस्थामै टिवि रोगले छोयो । रोग लागेपछि उपचारको क्रममा युवा संगठनको सहयोगमा जनवादी चीन पठाइएको थियो । चीनबाट स्वस्थ भई फर्केपछि उहाँले हेटौंडामा केहि समय सडक विभाग र त्यसपछि भुटनदेवी स्कुलमा काम गर्नुभयो ।

२०१५ सालको आमनिर्वाचनमा निर्वाचित विश्वेश्वर प्रसाद कोइरालाको प्रजातान्त्रिक सरकारलाई राजा महेन्द्रले २०१७ साल पौष १ गते अपदस्त गरी निरंकुश पञ्चायती व्यवस्था लागू गरे । बिपि, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायतका ठूला नेताहरुलाई जेल हाले । थुप्रै नेताहरू विस्थापित भएर भारततिर निर्वासित भए । राजाले लागू गरेको पञ्चायतलाई शिरोधार्य गर्ने बाहेक अरु अराष्ट्रिय तत्वमा गनिन्थ्यो । पञ्चायत इतरकाहरु माथि सरकार निर्मम हुन थाल्यो । २०२० सालमा भूमि सुधार र २०२१ मा राजाको हेटौंडा आगमनपछि २०११ सालको बाढी पीडितबाट भिमफेदी भैंसेलगायत मध्य पहाडी भुभागबाट विस्थापित पीडितहरुले खनजोत गरी हराभरा बनाएको हेटौंडा-४ र ५ चिसापानी पिप्ले गर्दोइको जग्गा राजदरबारका शरदार हंसमान सिंह, मधुसूदन राजभण्डारी लगायत १५ जना शरदार, सचिवहरुलाई हुकुम प्रमाङ्गी गरी १२० बिगाहाभन्दा बढी जमिन दिनु भन्ने आदेश भयो । पीडित किसान र प्रगतिशील पक्षमा व्यापक असन्तोष भएर आन्दोलन गर्ने निर्णयमा पुगे । मोहन गुरुजुको नेतृत्वमा आन्दोलनकारीहरु संगठित भए ।

२०२३ सालको हेटौंडा गाउँ पञ्चायतको जनपक्षीय प्रधानपञ्चमा वासुदेव रिजाल अत्यधिक मतले विजयी भएका थिए । चिसापानी आन्दोलनको नेतृत्व गर्नेहरुमा मोहन बज्राचार्य, वासुदेव रिजाल, बद्रीप्रसाद खतिवडाहरु हुनुहुन्थ्यो । यो निरंकुश पञ्चायत कालमा भएको पहिलो सशक्त किसान आन्दोलन हुनुको साथै राजाको हुकुमको समेत विरोधको आन्दोलन भएकोले यो आन्दोलनलाई जसरी पनि निमिट्यान्न गर्नुपर्ने जिम्मेवारी लिएर आएका पञ्चायत व्यवस्थाका योजनाकार मध्येका कडा अञ्चलाधीश दामोदर शमशेर जबरा थिए ।

यसक्षेत्रमा पञ्च र प्रगतिशील (सेतो र पहँलो) पक्ष बीच पहिलेदेखि लड्न्त हुँदै आएको थियो । प्रगतिशीलहरुको सहयोगमा किसानहरुले आन्दोलन थालेपछि अञ्चलाधीश दामोदर शमशेरले साम, दाम, दण्ड, भेदको नीति लिएर पहिलो चरणमा सम्झाए बुझाए । किसान र आन्दोलनकारीहरु टसमस नभएपछि मोहन गुरुजु, प्रधानपञ्च वासुदेव रिजाल, बद्रीप्रसाद खतिवडाहरुलाई पक्राउ गरी जेल पठाए । पञ्चहरु बिचौलिया र सरकार एकातिर पञ्चायत इतरका बुद्धिजिवी आन्दोलनकारी अर्कोतिर महिला नेतृत्वको अगुवाइमा आन्दोलन चर्कंदै गयो ।

सह-अञ्चलाधीश नन्दबहादुरको संरक्षणमा आएको नापी टोलीले भैरवरोडमा अमिनहरुले नाप्न खोजेपछि महिला आन्दोलनकारीले नाप्ने जंजिर खोसी टोली र बिचौलियाहरुलाई कुटपिट गरी लखेटे । सह-अञ्चलाधीशको रसियन जिपलाई पल्टाएर दलालहरुलाई नाङ्गै पारेर कुटपिट र घाइते बनाए । यसबाट रुष्ट भएका नारायणी अञ्चलाधीश दामोदर शमशेरले भोलिपल्टको आन्दोलन सहभागीहरु माथि व्यापक दमन गरे । निर्मम लाठी चार्ज गरे । लाठीचार्जबाट सख्त घाइते मध्ये प्राणमाया बज्राचार्य र वृद्ध गरुड आचार्यलाई स्ट्रेचरमा बोकेर नगर परिक्रमासम्म गरे । आन्दोलनबाट रुष्ट भएका अञ्चलाधीशको निर्मम दमनपछि आन्दोलनकारीहरु नारा-जुलुस गर्दै बिरामीलाई स्ट्रेचरमा बोकी अस्पताल पुगे । बजार र यातायात पूर्ण बन्द भयो । त्यसपछि अन्य केही किसान नेताहरुद्वारा सिङ देउला, चक्रपाणि रिजाल, इन्द्रबहादुर श्रेष्ठलाई पक्राउ गरे भने केही भूमिगत भए । थुप्रैलाई प्रलोभन र डर-त्रास देखाएर साम्य पारे । थुन-छेक र निर्मम दमनका बाबजुद विस्थापितहरुलाई हेटौंडामा एक कठ्ठा घडेरीसम्म दिई बाँकी जग्गा निजगढ र बदाहाफाँटमा मुआव्जा दिएर राजाको हुकुम प्रमाङ्गीलाई दामोदर शमशेरले सफल बनाए । पञ्चायतकालमा हेटौंडामा भएको यो नै पहिलो र ठूलो किसान आन्दोलन थियो । आन्दोलनको क्रममा समातिएका प्रधानपञ्च वासुदेव रिजाल, बद्रीप्रसाद खतिवडा र अन्यलाई रिहा गरे । आन्दोलनको अग्रस्थानमा बसेर नेतृत्व गर्ने चट्टानी अडान भएका मोहन गुरुजुलाई पछिल्लो पटक रिहा गरे । वासुदेवजीले जेल भित्रबाटै एसएलसी उत्तीर्ण भए ।

जेलबाट रिहा भएपछि वासुदेवको टिमले गाउँ पञ्चायतलाई व्यवस्थित गर्ने, कार्यालय भवन निर्माण गर्ने तिर ध्यान दिए । शहरलाई व्यवस्थित गर्न टाउन प्लानिङको योजना बनाए । बिजुली ल्याउन र खानेपानी ल्याउन प्रयास गरे । नगर पञ्चायतको पूर्वाधार तयार गर्न उप-प्रधानपञ्च र जनपक्षीय वडा सदस्यहरुको सहयोगमा निरन्तर लागी परे ।

२०२४ सालमा अञ्चल प्रशासनको

...बाँकी पृष्ठ ३ मा

# मकवानपुर बचत तथा ऋण सहकारीको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४ स्थित मकवानपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारणसभा सम्पन्न भएको छ। शनिबार सहकारी संस्थाको २५ औं वार्षिक साधारणसभामा सहकारीका अध्यक्ष विजयसागर श्रेष्ठले आर्थिक वर्ष २०८०/०८१ मा सहकारीको शेयर पुँजी २ करोड २६ लाख १८ हजार ३ रहेको प्रतिवेदन पेश गर्नुभएको छ।

अध्यक्ष श्रेष्ठले चालु आर्थिक वर्ष २०८१/०८२ मा सहकारीको शेयर पुँजी २ करोड ५० लाख रुपैयाँ पुऱ्याउने लक्ष्य लिएको प्रतिवेदनमार्फत् जानकारी गराउनुभयो। गत आर्थिक वर्षको निक्षेप संकलन २० करोड २९ लाख ७ सय ९९ रहेकोमा चालु आर्थिक वर्षमा २२ करोड रुपैयाँ पुऱ्याउने लक्ष्य सहकारीले लिएको छ। गत आर्थिक वर्ष २०८०/०८१ मा ऋण लगानी १७ करोड २४ लाख ५७ हजार २ सय ८३ रुपैयाँ रहेकोमा चालु आर्थिक वर्षमा ऋण लगानी २० करोड पुऱ्याउने लक्ष्य रहेको उहाँले बताउनुभयो।

सहकारीले गत आर्थिक वर्ष १ लाख ७९ हजार रुपैयाँ नाफा गरेको भए पनि चालु आर्थिक वर्षमा ५२ लाख ६५ हजार रुपैयाँ नाफा गर्ने लक्ष्य लिएको उहाँको भनाइ छ। साधारणसभामा ४ करोड ९४ लाख ६० हजार रुपैयाँको अनुमानित आयव्यय प्रस्तुत गरिएको छ। गत आर्थिक वर्षमा सहकारीले ३ करोड २१ लाख ३ हजार ४ सय ५१ रुपैयाँ खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।

सहकारीको शेयर पुँजी प्रत्येक वर्ष १० प्रतिशतको दरले वृद्धि गर्न संस्थाको नाममा रहेको वित्तीय संस्थाका लागि शेयर बिक्री गर्न सुझाव दिइएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। बिना धितो ऋण लगानी गरेका कर्जाहरुका लागि ऋणी तथा जमानी बस्नेबाट ऋण असुलीको प्रयासका लागि सुझाव दिइएको उहाँले बताउनुभयो। गत वर्ष सहकारीमा २६ करोड ४५ लाख १९ हजार ५ सय ८७ रुपैयाँको सम्पत्ति रहेकोमा चालु वर्ष २८ करोड ३७ लाख २४ हजार ३ सय १४ रुपैयाँ रहने बताइएको छ। यस वर्षको जगेडा कोष १ करोड ८९ लाख ५९ रुपैयाँ रहेकोमा गत वर्ष १ करोड १२ लाख १३ हजार ४ सय ९३ रुपैयाँ रहेको बताइएको छ। सरकारीले २ करोड ५६ लाख ५४ हजार १ सय ८१ रुपैयाँ ब्याज आम्दानी गरेको छ भने २ करोड २८ लाख ७५ हजार ४ सय ९२ रुपैयाँ ब्याज खर्च भएको छ।

कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले उपमहानगरपालिकाभरी सहकारीको अनुगन गरेपछि सहकारीको नकारात्मक पक्ष हट्न सुरु भएको बताउनुभयो। उपमहानगरपालिकामार्फत् नगरलाई रात्रिकालीन अवस्थामा सुन्दर बनाउनका लागि बत्तीको व्यवस्था गरिएको उहाँले बताउनुभयो। सहकारीमा देखिइरहेको समस्यालाई समाधान गर्नका लागि सबै सञ्चालक समिति लाग्नुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा असल ऋण हेटौंडा-२ का उत्तम गुरागाईं र हेटौंडा-८ की हीरामाया थिङलाई सम्मान गरिएको छ। असल निक्षेपकर्ता हेटौंडा-६ का विष्णु शाही र हेटौंडा-९ की रेखाकुमारी रुम्बालाई पनि सम्मान गरिएको छ। जेष्ठ सदस्य जगन्नाथ शर्मा ढकाल र दीलमाया गौतमलाई सम्मानपत्र प्रदान गरिएको छ। यस्तै, एसईईमा ३ दशमलब ८३ जिपिए ल्याउने प्रियान्सु बिडारी र ३ दशमलव ९२ जिपिए ल्याउने सुरेसना श्रेष्ठलाई सम्मानपत्र प्रदान गरिएको छ। सहकारीले हेटौंडाका आश्रमहरुलाई पनि सामग्री सहयोग गरेको छ।

# ज्ञानदीप सहकारीको साधारणसभा सम्पन्न, ७ जना सम्मानित

समाज संवाददाता

हेटौंडा: हेटौंडा-५ स्थित ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्थाको वार्षिक साधारणसभा सम्पन्न भएको छ। शनिबार हेटौंडा-५ स्थित जीएस निकेतन बोर्डिङको प्राङ्गणमा सहकारीको २५ औं वार्षिक साधारणसभा सम्पन्न भएको हो।

सहकारीका अध्यक्ष ऋषिराम पोखरेल उपाध्यायको सभाध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्सालको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन गरिएको थियो। साधारणसभाको अवसरमा सहकारीले ७ जनालाई सम्मान गरेको छ। सहकारीका निवर्तमान उपाध्यक्ष गोविन्दप्रसाद चौलागाईंलाई १० हजार रुपैयाँ, पूर्वउपाध्यक्ष विश्वनाथ रेग्मीलाई ११ हजार रुपैयाँ, पूर्वउपाध्यक्ष भुपेन्द्र खड्कालाई ११ हजार रुपैयाँ, पूर्वप्रिन्सिपल खिलप्रसाद बराललाई ११ हजार रुपैयाँ, मामाघर नेपालका संस्थापक अध्यक्ष अर्पण पराजुलीलाई १० हजार रुपैयाँ, पत्रकारिता तथा साहित्य पुरस्कारबाट नवराज शर्मालाई १० हजार रुपैयाँ र मरणोपरान्त बलराम शर्मालाई ११ हजार रुपैयाँ नगद राशिसहित सम्मान गरिएको छ।

अध्यक्ष पोखरेलले शिक्षक छनोट प्रक्रियामा कार्यविधि निर्माण गरी प्रतिस्पर्धात्मक ढंगबाट छनोट गर्दै आएको बताउनुभयो। दोहोरो सदस्यता र निष्क्रिय रहनुभएका सदस्यहरुलाई एकीकृत वा निवेदनका आधारमा सेयर रकम फिर्ता गरिएको उहाँले बताउनुभयो। सहरकारीले सञ्चालन गरिरहेको जीएस निकेतन माविमा अध्ययनरत छात्राहरुको सुविधाका लागि सेनेटरी प्याड भेन्डिङ मेसिनको व्यवस्था गरिएको उहाँको भनाइ छ।

कम्प्युटर ल्याब र पुस्तकालयको पूर्वाधार व्यस्थापनका लागि थप कार्य गरेको र विद्यालयको कक्षामा सिसी टिभी क्यामेरा जडान गरेर नियमित कक्षा अवलोकनमा जोड दिएको उहाँले बताउनुभयो। सेयर सदस्यहरुलाई मासिक शुल्कमा छुट, लाभांश वितरण, सहकारी अवलोकन भ्रमणलगायत सेवा उपलब्ध गराउने उहाँले बताउनुभयो। विद्यालयको शैक्षिक कार्यक्रमलाई १२ कक्षासम्म विस्तार गरी प्राविधिक धार अध्यापनका लागि योजना अगाडि बढाइने उहाँले बताउनुभयो।

सहकारीका कोषाध्यक्ष मोहनप्रसाद न्यौपानेले बैंकको ऋण ४ लाख ७७ हजार रुपैयाँ तथा सिपद्री हायर पर्चेजको ऋण ४ लाख २९ हजार रुपैयाँ गरी दायित्व ९ लाख ६ हजार घटाइएको आर्थिक प्रतिवेदन पेश गर्नुभएको छ। यस वर्षबाट साधारणसभामा उपस्थित सेयर सदस्यलाई यातायात खर्च २ हजार ३ सय ५७ रुपैयाँ प्रदान गरिएको उहाँले बताउनुभयो। विद्यार्थीका लागि एक वर्षे बिमा गरेको उहाँले जानकारी दिनुभयो। विद्यालयका एक हजार ५ सय ५० विद्यार्थीका लागि प्रतिविद्यार्थी ३ सय ६५ रुपैयाँका दरले ५ लाख ६५ हजार ७ सय ५० रुपैयाँ बिमाबापत खर्च गरिएको उहाँले बताउनुभयो। बचत तथा ऋण कार्यक्रमलाई प्रभावकारी तथा थप व्यवस्थित गरी सञ्चालन गर्न एक जना कर्मचारी व्यवस्थाका लागि ३ लाख २५ हजार रुपैयाँ विनियोजन गरिएको उहाँको भनाइ छ।

सहकारीको यस वर्षको यथार्थ आम्दानी ६ करोड ९९ लाख ९१ हजार ९ सय ४१ रुपैयाँ रहेको बताउनुभयो। आर्थिक वर्ष २०८०/०८१ मा वास्तविक खर्च ३ करोड ७६ लाख ८ हजार ८ सय ६७ रहेको उहाँले बताउनुभयो। ५ सय ९२ जना सेयर सदस्य रहेको सहकारीमा सेयर पुँजी ९४ लाख ४० हजार रुपैयाँ रहेको उहाँले बताउनुभयो। गत असार मसान्तसम्म सहकारीको जगेडा कोष ६२ लाख ९३ हजार ३ सय ७४ रुपैयाँ रहेको उहाँले बताउनुभयो। गत वर्षको जगेडा कोष ६२ लाख २६ हजार ७७ रुपैयाँ रहेको उहाँले बताउनुभयो। कार्यक्रममा सहकारीका पूर्वअध्यक्ष पिताम्बर बास्तोला, सचिव शिवप्रसाद बन्जारा, पूर्वकोषाध्यक्ष रामप्रसाद गजुरेल, भुपेन्द्र खड्कालगायतको उपस्थिति रहेको थियो।




# राष्ट्रसेवक सहकारीको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडा: राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको वार्षिक साधारणसभा सम्पन्न भएको छ। शनिबार सहकारीको २५ औं वार्षिक साधारणसभा सम्पन्न भएको हो।

साधारणसभालाई सम्बोधन गर्नुहुदै प्रमुख अतिथि पौडेलले यो सहकारी अन्य सहकारीजस्तो नभएको भन्दै सहकारीको सदस्य फरक हुनुपर्ने बताउनुभयो। उहाँले रोजगारी आफैंले सृजना गर्ने भन्दै राज्यले संरक्षणमात्र गर्नसक्ने बताउनुभयो। राज्यले सबै जनतालाई रोजगार दिलाउन असम्भव भएको उहाँको भनाइ छ।

देशमा तीन वटा राम्रो सहकारी खोज्नु परेमा राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी पनि एक भएको नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाले बताउनुभयो। उहाँका अनुसार सो सहकारी निस्क्रिय हुनसक्ला, तर अन्य सहकारीजस्तो ठगीको मुद्दा खेप्ने अवस्थामा नपुग्ने दावी गर्नुभयो।

सहकारीका अध्यक्ष यादवेन्द्र पौडेलको सभाध्यक्ष तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डेरमणि पौडेलको प्रमुख आतिथ्यमा साधारणसभा भएको थियो। साधारणसभामा सहकारीका जेष्ठ सदस्य खिलाकुमारी लामिछाने र गोकुललाल श्रेष्ठलाई सम्मान गरिएको छ। यस्तै, नियमित बचत किस्ता भुक्तानीकर्ता २५ जना र समयमै किस्ता तिर्ने १० ऋणीलाई पनि सम्मान गरिएको थियो। हाल सहकारीको जम्मा बचत रकम ७ करोड ८ लाख २३ हजार ३५ रुपैयाँ रहेको सहकारीका अध्यक्ष पौडेलले जानकारी दिनुभयो। सहकारीले कुल सम्पत्तिको ५६ प्रतिशत अर्थात् ३ करोड ७८ लाख २४ हजार ३ सय ५७ रुपैयाँ ऋण लगानी गरेको उहाँले जानकारी दिनुभएको छ।

## हेटौंडा नगरका...

इशारामा शिक्षकहरुलाई फुटाउन आवश्यकतै नभएको भुटनदेवी स्कुलबाट १, २, ३ कक्षा हटाएर आधुनिक प्राथमिक स्कुल बनाएर अलग गरे। स्कुलको अध्यक्षमा प्रधानपञ्चको हैसियतले वासुदेव बनाइए। चिसापानी आन्दोलनमा सहयोग गरेकोमा अस्थायी शिक्षक केशव श्रेष्ठलाई खारेज गरे र छविनाथ गौतम, कृष्ण पोखेललाई सरुवा गरे। म स्थायी शिक्षक भएकोले सरुवा गरेन। म सचिव भएर सघाएँ। उक्त विद्यालय १ महिना भित्र कम्पाउन्डबाट बाहिर लान आदेश दिएँ। पछि वासुदेव हेटौंडा अस्पतालका डाक्टर रामबहादुर श्रेष्ठ, नीर शंकर लगायत भुटनदेवी स्कुलका शिक्षक साथीहरूको सहयोग र सल्लाहमा आधुनिकको प्रअमा केशव जीलाई नियुक्ति गरे। जस्तोसुकै परिस्थिति आए पनि सामना गर्ने अठोटका साथ त्यही कम्पाण्डको छेउमा कक्षा संचालन गर्ने निर्णय गरे।

उमेरले वासुदेवजी म भन्दा जेठो भए पनि हाम्रो बीचमा घनिष्ट मित्रता थियो। हामी बिहान सखारै उठेर घुमफिर गर्ने गर्थ्यौं। त्यतिबेला हाम्रो समुहका साथीहरू महेन, केशव, बद्री सर, नन्दराम, गणेश लामा, शंकर अर्यालहरु थिए। धर्मदत्त, डेन्टिजङ्ग सर, नियमरत्न तुलाधर, ठाकुरनाथ शर्माहरु पनि साथ र सहयोगमा थिए।

एकताका म वासुदेव, भोला रिजाल र एकजना पिसकोर साथी किथ र गुण बहादुर दाई बनारस पुगेका थियौं। बनारसमा निर्वासित नेता पुष्पलाल भेट्ने उद्देश्यले उहाँको डेरामा पुग्यौं। तर भेट भएन। काँइला बा (नरबहादुर कर्माचार्य) सँग मात्र भेट भयो। त्यतिबेला उहाँहरु वडो दुख साथ बस्नु भएको थियो। सिलावरको कसौंडीमा चना उसिनी राख्नु भएको थियो। हामीले खाने यहि हो। जे भेट्टायो त्यही खान्छौं। तिमीहरु पनि खाओ भन्नुभयो। हामीले अलि-अलि खायौं। मलाई त्यतिबेला काइँला बाले डा. बनर्जीकोमा लगेर उपचार गराउनु भएको थियो।

बासुदेव गाउँ पञ्चायतको अध्यक्ष भएपछि यसलाई नगर पञ्चायत बनाउन प्रयत्नशील भए। सडक, बिजुली, खानेपानी र अन्य उद्योग व्यापारको पूर्वाधार तयार गरेपछि नगर पञ्चायतको चुनाव भयो। उक्त चुनावमा उहाँ अत्यधिक मतले पञ्चायत पक्षका उम्मेदवारलाई हराएर विजयी हुनुभयो।

२०१५-१६ तिर वासुदेव रिजाललाई टिबि रोगले समातेपछि उपचारको क्रममा जनवादी चीनमा रहँदा चिनियाँ चिकित्सकहरुबाट भएको सहयोग सुविधा युवाहरूको सक्रियता चिनियाँ क्रान्तिको प्रभाव आदिबाट निकै प्रभावित भएर नेपाल फर्केका थिए। भर्खरको युवा उहाँको जोश, जाँगर र ओजपूर्ण भाषणबाट सबै प्रभावित थिएँ। प्रारम्भमा प्रगतिशील पक्षले चिसापानी आन्दोलनमा खेलेको भूमिका निकै सशक्त थियो। तात्कालिन निरंकुश अञ्चल प्रशासकलाई जसरी पनि राजाको हुकुम तामेली गर्नु नै थियो। सत्तामा बस्ने र टिकाउन खोज्नेले आफनै हाथमा डाडु-पन्यु भएकोले उस्ले जसरी भए पनि राजाको हुकुम प्रमाङ्गीलाई पालना गर्नैपर्थ्यो। वासुदेव नगर पञ्चायतको प्रधानपञ्चबाट विस्थापित गर्नैपर्ने थियो। उहाँलाई कुन अस्त्र प्रयोग गरेर निस्तेज गर्ने हो त्यसको उपाय स्वरुप नारायणी प्रेसका प्रमुख रामराजा राणाले हिमचीम बडाउँदै लगे।

अलि अलि रक्सी पनि खान थाले अर्कोतिर प्रगतिशील पक्षका साथीहरू सँगको संगत पातलीन थाल्यो। नगर पालिकामा कट्टर पञ्चहरुको बाहुल्य थियो। उहाँलाई अविश्वासको प्रस्ताव ल्याएर अपदस्त गरी छाडे।

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौँडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



६ वटा चार्जिङ युनिटसहित
सम्पर्कः ९८५४०६८८७३

हार्दिक श्रद्धाञ्जली



जन्म :
१९९६ आषाढ १०

स्वर्गरोहण :
२०८१ पुस १६

स्व. निरमाया खनाल

साहित्य संगम मकवानपुरका उपाध्यक्ष सानु खनालकी ममतामयी आमा निरमाया खनालको निधनको खबरले हामी मर्माहत भएका छौं। आज १३औं दिनको पूण्यतिथिमा स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। दुखको यस घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

डीबी बर्तौला, अध्यक्ष
एवम् साहित्य संगम मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

# बागमतीलाई दशौं राष्ट्रिय खेलकुदका लागि बजेट अभाव

समाज संवाददाता

हेटौंडा : आगामी चैत २५ देखि ३० गतेसम्म संचालन हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बागमती प्रदेश सरकारलाई बजेट अभाव देखिएको छ। कर्णाली प्रदेशमा हुने प्रतियोगितामा सहभागिताका लागि बागमती प्रदेश सरकार बजेट अभाव व्यहोर्न बाध्य भएको हो।

३६ विधाका खेलकुद प्रतियोगिताको तयारी तथा सहभागिताका लागि बागमती प्रदेशमा बजेट अभाव भएको हो। प्रदेशको युवा तथा खेलकुद मन्त्रालयले ७४ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको र उक्त बजेट मध्ये दशौं राष्ट्रिय खेलकुदका लागि ३ करोड ७४ लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

खेलकुदको हवको रुपमा रहेको बागमती प्रदेश सरकारले बजेट निर्माणको चरणमा पर्याप्त बजेट विनियोजना गर्न नसक्दा युवा तथा खेलकुद मन्त्रालय र प्रदेश खेलकुद परिषद् बजेट अभाव भोग्न बाध्य भएको हो। ३६ खेलका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ३ करोड ७४ लाख रुपैयाँ विनियोजन गरेको युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष अन्तर प्रदेश खेलकुद संचालनका लागि मात्र प्रदेश सरकारले मन्त्रालयलाई ९ करोड रुपैयाँ बजेट व्यवस्था गरेको थियो। तर, चालु आर्थिक वर्षमा कर्णाली प्रदेशमा हुने खेलकुद प्रतियोगितको सहभागिताका लागि ३ करोड ७४ लाख रुपैयाँ बजेट दिएको गुनासो गर्नुभयो।

उक्त बजेट खेलाडी छनौटलाई समेत नपुग्ने उहाँले बताउनुभयो। सो बजेटबाट ३६ खेलका खेलाडी छनौट, खेलाडीको आवास खर्च, खेलाडीको पारिश्रमिक तथा सेवा सुविधामा खर्च हुने मन्त्री महर्जनको भनाई छ। बजेट अभावका कारण जिल्लाहरुमा संचालन हुनु पर्ने खेलाडी छनौट कार्य समेत प्रभावित भएको मन्त्री महर्जनले बताउनुभयो। उहाँका अनुसार दशौं राष्ट्रिय खेलकुदमा आर्चरी, एथ्लेटिक्स, व्याडमिन्टन, बास्केटबल, शारीरिक सुगठन, बक्सिङ, बुद्धिचाल, क्रिकेट, साइक्लिङ, फेन्सिङ, फुटबल, फुलकन्ट्याक्ट कराँते, गल्फ, जिम्न्यास्टिक, ह्याण्डबल, हक्की, आइटीएफ तेक्वान्दो, जुडो, कबड्डी, कराँते, खोखो, प्याराग्लाइडिङ, रग्बी, सेपाक ताक्रो, भलिबल, कुस्ती, उसु, सफटटेनिस लगायतका खेलहरुमा सहभागिता जनाउनु पर्नेछ। उक्त खेलहरुका १ हजार ३ सय खेलाडीहरु प्रदेशका १३ जिल्लाबाट छनौट गरी बन्द प्रशिक्षणमा राखेर सहभागी गराउनु पर्ने उहाँले जानकारी दिनुभयो।

मन्त्री महर्जनका अनुसार राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि १५ करोड रुपैयाँ बजेट लाग्नेछ।

'नवौं राष्ट्रिय खेलकुदका २६ प्रतियोगिताका लागि प्रदेश सरकारले ९ करोड रुपैयाँ बजेट व्यवस्था गरेको थियो। अहिले १० वटा खेलहरु बढेका छन्। बागमतीमा खेलकुदको हवको रुपमा रहेको काठमाडौं उपत्यका, मकवानपुर, चितवन लगायतका जिल्ला रहेका छन्। सो जिल्लासहित प्रदेशका १३ वटा जिल्लाबाट ३६ वटा खेलका खेलाडी छनौट गर्नु पर्छ', मन्त्री महर्जनले भन्नुभयो, 'जिल्लाबाट आएकाहरुबाट प्रदेशको टिम छनौट गर्नुपर्छ। त्यसका लागि बजेट ३ करोड ७४ लाख रुपैयाँ छ। एउटा खेलको छनौट कार्यका लागि मात्र ८० लाख रुपैयाँ लाग्छ। ३/४ करोड रुपैयाँ बजेटले के गर्नु ?'

मन्त्री महर्जनका अनुसार दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको ३६ खेलका १ हजार ३०० खेलाडी छनौट गरी बन्द प्रशिक्षणमा राख्नु पर्ने हुन्छ। उनीहरुलाई आवासीय सुविधासहित बन्द प्रशिक्षणमा राखेर प्रतियोगितामा सहभागी गरउने गरी मन्त्रालयको तयारी रहेको उहाँले बताउनुभयो। गत आर्थिक वर्षमा खेलकुद क्षेत्रका लागि १ अर्ब ३० करोड रुपैयाँ बजेट व्यवस्था गरिएको भएपनि चालु आर्थिक वर्षमा बजेट कटौती गर्दा मन्त्रालयको बजेट ७५ करोड रुपैयाँ मात्र रहेको उहाँले बताउनुभयो।

बजेट अभावका कारण बागमती प्रदेशमा खेलकुदका गतिविधी शुन्य हुने मन्त्री महर्जनको भनाई छ। खेलकुदको हवको रुपमा रहेको बागमती प्रदेश बजेट अभावका कारण नेतृत्वदायी भूमिकामा रहेका व्यक्तिहरु गैरजिम्मेवार अभिव्यक्ति दिने गरेको उहाँले बताउनुभयो।

## थप ९ करोड बजेट माग गर्दै खेलकुद मन्त्रालय

प्रदेशको युवा तथा खेलकुद मन्त्रालयले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि थप ९ करोड रुपैयाँ बजेट माग गरेको छ। विभिन्न शिर्षकमा लाग्ने खर्च अनुमानसहित मन्त्रालय थप बजेट माग गर्दै आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव पठाएको छ।

गत असोजमा नै खेलकुद मन्त्रालयले पठाएको प्रस्ताव अघि बढ्न नसकेको मन्त्री मर्हजनले जानकारी दिनुभयो। पटक-पटक ताकेता गर्दा समेत उक्त प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्रालयबाट अघि बढ्न नसकेको उहाँको भनाई छ। बजेट माग गर्दै पटक-पटक मन्त्रालयको ध्यानाकर्षण गराउँदा समेत आर्थिक मामिला मन्त्रालयले बजेट अभाव रहेकाले बजेट दिन नसक्ने बताएको मन्त्री महर्जनले बताउनुभयो।

उक्त विषयका बारेमा प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, युवा तथा खेलकुद मन्त्री महर्जन, प्रमुख सचिव हरिप्रसाद लम्साल, प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव दीपक लामा, अर्थ मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीसँग छलफल गरेको थियो। उक्त छलफलमा सहभागी एक कर्मचारीका अनुसार खेलकुद मन्त्रालयको प्रस्तावलाई स्वीकार गर्न नसक्ने आर्थिक मामिला मन्त्रालयको निश्कर्ष रहेको थियो।

सो छलफलमा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव मैनालीले बजेट नभएकाले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि थप बजेट दिन कठिन रहेको बताउनुभएको थियो। विपद् व्यवस्थापनमा प्रदेशको बजेट बढी खर्च भएकाले थप बजेट दिन नसक्ने उहाँको भनाई थियो। उक्त विषयमा मुख्यमन्त्री लामा र अर्थ मन्त्री काफ्लेले आवश्यक छलफल र समन्वयबाट निर्णय गर्ने बताउनुभएको थियो।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव मैनालीका अनुसार प्रदेशको आन्तरिक स्रोत नभएकाले खर्च कम गर्नुपर्ने अवस्था रहेको छ। प्रदेशको थैली कमजोर भइरहेको बखत विपद् व्यवस्थापनको कामलाई प्राथमिकतामा राख्दा अन्य क्षेत्रमा संकुचन हुनु स्वभाविक रहेको बताउनुभयो। 'प्रदेशको अर्थ विविधमा पनि खासै पैसा छैन। विपद् व्यवस्थापनमा पनि केही रकम व्यवस्थापन गर्नु पर्‍यो। आगामी समयमा हुने विपद् व्यवस्थापनका लागि पनि केही बजेट राख्नु पर्ने अवस्था छ', सचिव मैनालीले भन्नुभयो, 'प्रदेशको आफ्नै आयआर्जन छैन। दायित्व व्यहोर्न संघबाट आएको अनुदानमा नै भरपर्नु उपयुक्त हुँदैन। थैली हेरर काम गर्नुपर्ने अवस्था रहेको छ।'

प्रदेश सरकारको राजश्व संकलनको अवस्था पनि कमजोर रहेको सचिव मैनालीले बताउनुभएको छ। खेलकुद क्षेत्रको विकास र खेलाडीका लागि प्रदेश खेलकुद परिषद्बाट प्राप्त प्रस्ताव उचित भएपनि व्यवस्थापन गर्न कठिन भइरहेको सचिव मैनालीले बताउनुभयो। उक्त विषयमा आवश्यक छलफल पश्चात निर्णय हुने सचिव मैनालीको भनाई छ।

# तेक्वान्दो खेलाडीहरुको बेल्टटेस्ट

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय तेक्वान्दो संघ जिल्ला कार्यसमिति मकवानपुरअन्तर्गतका डोजाङ तथा विद्यालयहरुमा प्रशिक्षणरत खेलाडीहरुको बेल्टटेस्ट सम्पन्न भएको छ। संघको वार्षिक कार्यक्रम अनुसार शनिबार बेल्टटेस्ट भएको हो।

कार्यक्रममा मकवानपुर जिल्लाका विभिन्न ७ वटा डोजाङका ह्वाइट बेल्टदेखि रेड बेल्टसम्मका १०७ जना खेलाडीहरुको सहभागिता रहेको राष्ट्रिय तेक्वान्दो संघ बागमती प्रदेश सचिव भोजराज पराजुलीले जानकारी दिनुभयो। बेल्टटेस्टको नतिजा एक साताभित्र आउने पराजुलीले बताउनुभयो।

संघका केन्द्रीय सदस्य नारायण सिंह थिङको उपस्थितिमा भएको कार्यक्रममा जिल्ला अध्यक्ष मदनकुमार श्रेष्ठ, उपाध्यक्ष केशबबहादुर कार्की, सचिव रवीन्द्र राई, सहसचिव रावन कीष्म राई र कोषाध्यक्ष दीपेन्द्र नेपालीको उपस्थिति थियो।

# भिरबाट लडेर तामाङको मृत्यु

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका-५, भंगेरीमा भिरबाट लडेर एकजना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ५५ वर्षीय हरि तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बिहीबार साँझ ५ बजेर ३० मिनेटको समयबाट तामाङ घरमा कसैलाई नसोधी बेपत्ता भएका थिए। बेपत्ता तामाङलाई प्रहरी र आफन्तहरुले खोजतलास गर्ने क्रममा शुक्रबार बिहान ८ बजेर ३० मिनेटको समयमा घरदेखि ४ किलोमिटर पर शिवपुरी गाउँपालिका-५, तारेभिरस्थित घ्याङ्स्वरा मानेभञ्ज्याङ सडकनजिक भिरमा मृत अवस्थामा फेला परेका थिए। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि त्रिशुली अस्पताल नुवाकोट लगिएको प्रहरीको भनाइ छ।

# १७ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः पृथ्वीनारायण शाहको ३०३ औँ जन्मजयन्तीको अवसरमा आयोजना भएको रक्तदान कार्यक्रममा १७ जनाले रक्तदान गरेका छन्। शनिबार राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टी हेटौंडा-९ नम्बर वडा कमिटीको आयोजनामा रक्तदान कार्यक्रम भएको रक्तसञ्चर केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको कार्यक्रममा ३ जना महिला र १४ जना पुरुषले रक्तदान गरेका थिए। कार्यक्रममा नवलपरासीको रामग्राम नगरपालिकाका उपप्रमुख सम्झना चौधरीको प्रमुख आतिथ्य रहेको थियो।

# फोनिज मकवानपुरमा सर्वसम्मत नयाँ समिति

समाज संवाददाता

हेटौंडाः नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरको नयाँ समिति सर्वसम्मत चयन भएको छ। शनिबार हेटौंडामा भएको अधिवेशनले नवराज वाईबाको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो।

फोनिज मकवानपुरको उपाध्यक्षमा सन्देश थिङ, सचिवमा मनिता राना, कोषाध्यक्षमा भुवन घलान, सहसचिवमा निशा गुरुङ चयन हुनुभएको छ। सदस्यमा जमुना थिङ, सम्झना थापा मगर, भुपेन्द्र राना मगर, अन्जना न्यासुर, दिव्यदृष्टि लामा, नवीन चौधरी, रविन्द्र वाईबा र विवेक सिन्तान चयन हुनुभएको छ।

फोनिज केन्द्रीय पार्षद्मा कृष्ण सारु मगर, आदर्श थोकर, रन्जिता डङ्गोल, सूवर्णलाल श्रेष्ठ, उमेश राई चयन हुनुभएको छ भने प्रदेश पार्षद् अशोकसुजन श्रेष्ठ, रुपा गुरुङ, जयराम मुक्तान, सुरेन्द्र थिके, राजकुमार स्याङ्बो, आशिष बल, प्रमोद कुमार राई सर्वसम्मत चयन हुनुभएको छ।

फोनिज मकवानपुरको छैठौं अधिवेशनको अवसरमा अग्रज पत्रकार मोहन संगामीलाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरिएको छ भने नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगरलाई बधाई पत्र प्रदान गरिएको छ। फोनिज मकवानपुरका निवर्तमान अध्यक्ष अशोकसुजन श्रेष्ठको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी मेयर मीना कुमारी लामाको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको थियो।

# वासुदेव रिजाल स्मृति ग्रन्थ लोकार्पण

समाज संवाददाता

हेटौंडाः हेटौंडा नगरका प्रथम प्रधानपञ्च वासुदेव रिजालको स्मृति ग्रन्थ लोकार्पण तथा सम्मान समर्पण कार्यक्रम सम्पन्न भएको छ। शनिबार वासुदेव रिजाल स्मृति प्रतिष्ठान हेटौंडाले एक कार्यक्रम आयोजना गरी ग्रन्थ लोकार्पण र सम्मान समर्पण गरेको हो।

वासुदेव रिजाल स्मृति प्रतिष्ठानका अध्यक्ष रामचन्द्र (आरसी) रिजालको सभाध्यक्ष र हेटौंडा उपमाहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा अग्रज लोकगायक सोमबहादुर घलान र समाजसेवी कृष्णप्रसाद नेपाललाई सम्मान गरिएको छ। गायक घलानलाई नगद ५० हजार रुपैयाँसहित सम्मान गरिएको हो। समाजसेवी नेपाललाई नगद १५ हजार रुपैयाँसहित सम्मान गरिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले जसरी वासुदेव रिजालले गरेका काम अमर छन्, त्यसरी नै हामीले गरेको काम कहिले खेर नजाने बताउनुभयो। वासुदेव रिजालको पालामा स्रोत साधन कम भए पनि प्रभावकारी विकास भएको भन्दै आज स्रोत साधन, जनशक्ति भए तापनि सोचेजस्ते विकास गर्न नसको उहाँको भनाइ छ। रिजालको पालाका कोरिएका रोडको डिजाइन र विकास आजसम्म पनि उत्तिकै सार्थक भएको नगर प्रमुख लामाले बताउनुभयो। कार्यक्रममा वासुदेव रिजाल स्मृति प्रतिष्ठानका सदस्यहरु, रिजाल स्मृति प्रतिष्ठानका सदस्यहरु र मकवानपुरका साहित्यकारहरुको उल्लेखनीय उपस्थिति रहेको थियो।


## कर्मचारी आवश्यकता

*प्रथम पटक सुचना प्रकाशित मिति : २०८१/०९/२६*

यस संघका लागि तपशिल बमोजिमको कर्मचारी आवश्यकता परेकोले पदपूर्ति उपसमितिको मिति २०८१/०९/२५ गतेको बैठकको निर्णय अनुसार दरखास्त आव्हान गरिन्छ। योग्य, इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**विज्ञापन नं. : ०१/०८१/०८२**

१. पद :- कार्यालय सहयोगी
२. तह :- प्रथम
३. शैक्षिक योग्यता :- एस.एल.सी. वा एस.इ.इ. उत्तीर्ण।
४. उमेर :- १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
५. आवश्यक संख्या :- १ (एक) जना।
६. विशेष ग्राह्यता :- साधन चलाउन जान्ने, लाइसेन्स भएको र महिला।
७. आवश्यक कागजात :- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, बायोडाटा, हस्तलिखित निवेदन, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी, सहकारी संस्थामा आवद्ध भएमा शेयर प्रमाणपत्रको प्रतिलिपी, अन्य सहकारी सम्बन्धी तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपी, २ प्रति पासपोर्ट साईजको फोटो)
८. दरखास्त खुलेको मिति :- २०८१/०९/२६ गते
९. दरखास्त दिने अन्तिम मिति :- २०८१/१०/११ गते सम्म (साँझ ४ बजे भित्र)
१०. सम्पर्क मिति :- २०८१/१०/१३ गते
११. परीक्षा मिति :- सम्पर्क मितिको दिनमा तोकिने छ।
१२. परीक्षाको किसिम :- मौखिक र प्रयोगात्मक।
१३. तलब सुविधा :- संघको निर्णय अनुसार।
१४. दर्ता शुल्क :- रु. २००/-
१५. नियुक्ती :- स्थायी
१६. परीक्षणकाल :- १ वर्ष
१७. अन्य सुविधा :- संघको नियम अनुसार
सम्पर्क नं. :- ०५७-५२११७२

**जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर**
**हेटौंडा-२, शान्तिपथ**

## के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

**अध्यक्ष नवराज घिमिरे एवम्**
**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**
**हेटौंडा-४, मकवानपुर**


# जेसीआई बस्तीपुर हाँडीखोलाको अध्यक्षमा उप्रेती

समाज संवाददाता

हेटौंडा : जेसीआई बस्तीपुर हाँडीखोलाको अध्यक्षमा सन्तोष उप्रेती सर्वसम्मत अध्यक्ष निर्वाचित हुनुभएको छ। शुक्रबार भएको १४ औं वार्षिक साधारणसभाबाट उप्रेतीसहित नयाँ समिति सर्वसम्मत निर्वाचित भएको हो।

जेसीआई बस्तीपुर हाँडीखोलाको कार्यकारिणी उपाध्यक्षमा सुरज बर्तौला र दिनेश चौलागाई, उपाध्यक्षमा आरती पाठक, सूर्य गोले, आयुष्मा लामिछाने र अरुण बर्तौला चयन हुनुभएको जेसीआई बस्तीपुर हाँडीखोला वर्ष २०२४ का अध्यक्ष अमृत पाठकले जानकारी दिनुभयो। जेसीजको कार्यकाल एक वर्षको हुने गर्दछ।

१८ वर्षदेखि ४० वर्ष उमेर समूहका युवाको नेतृत्व तथा व्यक्तित्व विकासका लागि सहयोगी क्रियाकलाप गर्ने जेसीजमा अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष र उपाध्यक्ष प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ। नवनिर्वाचित अध्यक्षले महासचिव, कोषाध्यक्ष, कानूनी सल्लाहकार, जनसम्पर्क अधिकृत, शाखा सम्पादक लगायतका पदमा सदस्यलाई मनोनित गर्ने व्यवस्था छ।

वर्ष २०२४ को सुरुवातमा ९० जना सदस्य रहेको जेसीआई बस्तीपुर हाँडीखोलामा सन् २०२५ को कार्यकाल सुरु हुँदै गर्दा ४४ जनाले ४० वर्षे उमेर हद पार गरेका छन्। ४६ जना पुराना सदस्य तथा १७ जना नयाँ सदस्य थपिएर जेसीआई बस्तीपुर हाँडीखोलाको वर्ष २०२५ का लागि ६३ जना सदस्य रहेको अध्यक्ष पाठकले जानकारी दिनुभयो।


**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ